नोवेल कोरोना भाइरस (कोभिड –१९ ) को संक्रमण रोकथाम तथा लकडाउनबाट प्रभावित परिवारलाई राहत कार्यको  प्रगति प्रतिवेदन

**प्रतिवेदन प्रस्तुत कर्ता**

सुवर्ण गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय, कवहीगोठ बारा

प्रमुख प्रशासकिय अधिकृत श्री नविन कुमार श्रीवास्तव मार्फत

मिति २०७७/०१/३१

**प्रतिवेदन प्रस्तुत हुने निकाय**

सुवर्ण गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय, कवहीगोठ बारा

कार्यपालिका अध्यक्ष श्री महेन्द्र प्रसाद यादवलाई

# नोवेल कोरोना भाइरस (कोभिड –१९ ) को संक्रमण रोकथाम तथा लकडाउनबाट प्रभावित परिवारलाई राहत कार्यको प्रगति प्रतिवेदन

## १.पृष्ठभूमि

विश्व समुदायमा माहामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड १९ ) चीन देशको वुहान शहरबाट सन २०१९ को अन्त्यतिर फैलिएको मानिन्छ। विश्व समुदायको आर्थिक, सामाजिक, राजनैतिक आदि सबै क्षेत्रलाई प्रभावित पारेको कोरोना भाइरसको सक्रंमण रोकथाम गर्न विभिन्न विश्व समुदाय सन २०20 को सुरुवात देखि नै लकडाउनको नियमको पालना गर्दै आएको छ।

नेपालको छिमेकी देश चीनबाट माहामारी फैलिएको हुनाले जोखिमको उच्च क्षेत्रमा सुरुवात देखि नै रहेता पनि नेपालले सन २०२० को सुरुवात देखि मात्र लकडाउनको नियम जनसमुदायमा लागु गरेको छ। लकडाउन नियम लागु हुनु भन्दा पहिला नेपालले सीमा क्षेत्रमा हेल्थ डेस्क स्थापना, अन्तराष्ट्रिय विमान स्थलमा चेकजाँच लगायत विभिन्न तरिकाहरु अवलम्बन गरेको पाइन्छ।

सुवर्ण गाँउपालिका बारा जिल्ला स्थित नेपाल –भारत सीमामा पर्ने गाँउपालिकाको रुपमा रहेको र देश ले चालेको हरेक कोरोना भाइरस रोकथामको उपायहरु सजकता र नियमानापूर्वक अवल्मबन गरेको छ। यस गाँउपालिकाले हेल्थ डेस्क , सुचना प्रचार प्रसार , जस्ता माध्यमहरु कोरोना भाइरसको सक्रंमण रोकथाम गर्न तथा लकडाउनबाट प्रभावित गरिव, विपन्न , ज्यालादारी गरी खाने मजदुर आदि सबै प्रभावित परिवारलाई विभिन्न चरणमा राहतका कार्यक्रम समयापेक्ष अगाडि बढाएको छ।

## २.लक्ष्य

- कोरोना भाइरसको संक्रमणबाट जनसमुदायलाई सुरक्षित राख्ने।
- लकडाउनबाट प्रभावित गरिव, विपन्न , ज्यालादारीमा गरी खाने, आदि प्रभावित परिवारलाई राहत उप्लब्ध गराउने।

## ३.सीमाहरु

- यो प्रतिवेदनले वि.स.२०७७ साल बैशाख महिनाको अन्त्यसम्मको कार्यको प्रगतिलाई मात्र समेटेको छ।
- यो प्रतिवेदनले गाँउपालिकाले गरेका कार्यक्रमको प्रगति प्रतिवेदनलाई मात्र समेटेको छ।

- यो प्रतिवेदनले कार्यालयले नियमित रुपमा गर्ने कार्य जस्तै औषधी खरिद, स्वास्थ्य उपकरण खरिद आदि कार्यलाई समेटेको छैन।

## ४.कोरोना भाइरसको सक्रंमण रोकथाम तथा राहत कार्यहरुको विवरण र सो कार्यबाट प्राप्त प्रगतिहरुको विवरण

विश्व समुदायमा माहामारीको रुपमा कोरोना भाइरसको सक्रंमण फैलिएसँगै यस पालिकाले केन्द्र, प्रदेश तथा जिल्ला स्तरबाट भएको नीति , निर्देशनको नियमापूर्वक पालना गर्दै यस गाँउपालिकाबाट विभिन्न मितिमा निर्णय भएको देहायका कार्यहरु भएको छ।

- **हेल्थ डेस्क स्थापना** :– जिल्ला प्रशासनको निर्देशन तथा यस कार्यालयको मिति २०७६/१२/०२ गतेको गाँउपालिका प्रमुख, स्वास्थ्य संस्था प्रमुख , इलाका प्रहरी प्रमुख , सशस्त्र प्रहरी प्रमुख लगायत सबै सरोकारवालाको उपस्थिति सहितको बैठकको निर्णयानुसार नेपाल भारतको सीमाना सुवर्ण गाँउपालिका वडा नं. ३ संतगंज बजार अन्तर्गत साविक सशस्त्र प्रहरी बेश कैम्पको भवनमा स्थापना गरि संचालन गरिएको थियो। हेल्थ डेस्कमा कर्मचारी व्यवस्थापन सुवर्ण गाँउपालिकाको स्वास्थ्य संयोजक , हेल्थ डेस्कमा आर्थिक व्यवस्थापन सुवर्ण गाँउपालिकाले र सुरक्षाको व्यवस्थापन इलाका प्रहरी र सशस्त्र प्रहरीले गरेका थिए।

  हेल्थ डेस्क स्थापनाको मुख्य लक्ष्य भारतबाट नेपाल प्रवेश गर्न लागेका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरी नेपाल प्रवेश गर्न दिने रहेको थियो।

  हेल्थ डेस्कबाट स्वास्थ्य परिक्षण गरी प्राप्त प्रगतिहरु देहाय बमोजिम रहेको छ :

| मिति/विवरण | पुरुषको संख्या | महिलाको संख्या | अन्यको संख्या | जम्मा |
|---|---|---|---|---|
| २०७६/१२/०३ | २०८ | २० | ० | २२८ |
| २०७६/१२/०४ | ४८९ | ९ | ० | ४९८ |
| २०७६/१२/०५ | १५९ | ५६ | ० | २१५ |
| २०७६/१२/०६ | ४८७ | ११० | ० | ५९७ |
| २०७६/१२/०७ | ५४७ | ६६ | ० | ६१३ |
| २०७६/१२/०८ | ३३१ | ३४ | ० | ३६५ |
| २०७६/१२/०९ | ६८ | ५ | ० | ७३ |
| २०७६/१२/१० | २७ | ४ | ० | ३१ |
| २०७६/१२/११ | ० | ० | ० | ० |
| जम्मा | २३१६ | ३०४ | | २६२० |

(स्रोत : स्वास्थ्य शाखा)

- **सुचना प्रचार प्रसार :–** कोरोना भाइरसको सक्रमणबाट बच्न सक्ने विभिन्न सचेतनामुलक सन्देश सहित विभिन्न माध्यम जस्तै फेसबुक , वेभसाइट, पत्र पत्रिका , एफ.एम रेडियो , टि.भी. आदि मार्फत प्रचार प्रसार फागुन महिनाको अन्त्यबाट सुरु गरि हाल सम्म कायम राखिएको छ। यसबाट जनसमुदायमा सचेतना बढने अपेक्षा लिइएको छ।

- **सार्वजनिक ठाँउमा कोरोना भाइरस सक्रमणबाट बच्ने सन्देश सहित हुडिङ्ग बोर्ड स्थापना:** मिति २०७६/१२/०२ गतेको सम्पूर्ण सरोकारवालाको उपस्थिती सहितको बैठकको निर्णयानुसार सुवर्ण गाँउपालिकाको सबै सावर्जनिक स्थल जस्तै हाट बजार, चौक चौराहा आदिमा कोरोना भाइरस सक्रमणबाट बच्ने सन्देशमूलक सुचना सहित हुडिङ्ग बोर्ड स्थापना गरियो। यसबाट जनसमुदायमा सचेतना बढने अपेक्षा लिइएको छ।

- **बजार अनुगमन:** मिति २०७६/१२/०२ गतेको सम्पूर्ण सरोकारवालाको उपस्थिती सहतिको बैठकको निर्णयानुसार सुवर्ण गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडा अध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत , सशस्त्र प्रहरी बलका प्रतिनिधी, नेपाल पुलिसका प्रतिनिधीको संयुक्त टोलीद्धारा मिति २०७६/१२/०९ गते बजार अनुगमन गरियो। यस सुवर्ण गाँउपालिका स्थित भिस्वा बजार, हर्दिया बजार, औरैया बजार, कबही बजार, संतगंज बजार, चरमोहना बजार र देवापुर चौरैया बजारको अनुगमन गरियो।
- **सुवर्ण गाँउपालिका स्थित सार्वजनिक बजारमा पसल गरेका पसले तथा अन्य व्यक्तिहरुलाई मास्क वितरण र सार्वजनिक हैन्डपम्पको लागि साबुन र हैन्ड वास वितरण:** मिति २०७६/१२/०२ गतेको सम्पूर्ण सरोकारवालाको उपस्थितीमा बैठकको निर्णयानुसार मिति २०७६/१२/०९ गते सुर्वण गाँउपालिका स्थित भिस्वा बजार, हर्दिया बजार, औरैया बजार, कबही बजार, संतगंज बजार, चरमोहना बजार र देवापुर चौरैया बजारमा पसल संचालन गरेको व्यक्तिहरुलाई प्रत्यक्ष गाँउपालिकाका पदाधिकारी स्वयंम आफै र केही ठाँउमा वडा अध्यक्ष मार्फत मास्क वितरण गरेको र वडा अध्यक्ष मार्फत नै सार्वजनिक ठाँउमा रहेको हैन्ड पम्पको लागि बाल्टिन , सावुन, हैन्डवास वितरण गरिएको छ। यसले पसल गरेका व्यक्तिले मास्क लगाई व्यापार गर्ने र सार्वजनिक ठाँउमा साबुन पानीले हात धुने बानी बस्ने अपेक्षा लिइएको छ।

- **क्वारेन्टाइन स्थापना र संचालन :** यस सुर्वण गाँउपालिका अन्तर्गत हर्दिया प्राथमिक स्वास्थ्य केन्द्रमा मिति २०७६/१२/१७ गतेको सबै सरोकारबालाको उपस्थित सहितको बैठकले सोही मिति देखि १० बेडको क्वारेन्टाइन स्थापना र संचालन गर्ने निर्णय गरे अनुसार

क्वारेन्टाइन संचालनमा ल्याइयो। क्वारेन्टाइनमा खाना र नास्ता सहितको व्यवस्था मिति २०७६/१२/१९ गतेको कार्यपालिकाको निर्णयानुसार व्यवस्था गरियो । क्वारेन्टाइन स्थापना देखि २०७७ बैशाखको अन्तय सम्मको प्रगति प्रतिवेदन देहाय बमोजिम रहेको छ :

| सि.न. | व्यक्तिको नाम | ठेगाना | भर्ना मिति | प्रवेश गर्दा स्वास्थय अवस्था | बसेका दिन | निकास मिति | निकास गर्दा स्वास्थ्य अवस्था | RDT/PCRचेक भएको /नभएको | आएको ठाउँ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अवध यादव | सुवर्ण ४ | १२/१७ | स्वस्थ | ३ | १२/२० | स्वस्थ | नभएको | मलेशियाबाट |
| २. | पप्पु कुमार यादव | सुवर्ण ४ | १२/१९ | स्वस्थ | १ | १२/२० | स्वस्थ | नभएको | बैड.लोरबाट |
| ३. | बिवेक कुमार मुखिया | सुवर्ण ३ | १२/२० | स्वस्थ | १५ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| ४. | इमरान अंसारी | करैयामाई ४ | १२/२० | स्वस्थ | १५ | ०७७/१/४ | स्वस्थ | भएको | बिहार |
| ५. | रेहान अंसारी | करैयामाई ४ | १/८ | स्वस्थ | १८ | १/२६ | स्वस्थ | भएको | बिहार |
| ६. | इनतियाज देवान | करैयामाई ४ | १/८ | स्वस्थ | १८ | १/२६ | स्वस्थ | भएको | बिहार |
| ७. | सदाम अंसारी | करैयामाई ४ | १/८ | स्वस्थ | १८ | १/२६ | स्वस्थ | भएको | बिहार |
| ८. | अमोद कुमार राम | सुवर्ण ३ | १/९ | स्वस्थ | १७ | १/२६ | स्वस्थ | भएको | बिहार |
| ९. | बच्चा शर्मा | भारत | ०७६/१२/२० | स्वस्थ | १५ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १० | मनइश शर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| ११. | इमरान अंसारी | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १२ | जितेन्द्र शर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १३. | बिपलव शर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १४ | मो.शहिबजान | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १५ | शैदुलाह | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १६. | बिवेक शर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १७ | बिटुशर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १८ | गजेन्द्र यादव | सुवर्ण २ | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| १९ | हेसामुदिन मिया | सुवर्ण २ | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | काठमाण्डौं |
| २० | मनिषकुमार पंडित | सुवर्ण १ | १२/२२ | स्वस्थ | २१ | १/१३ | स्वस्थ | भएको | काठमाण्डौं |
| २१ | रागिनिकुमारी पास्वान | सुवर्ण ३ | १२/२९ | स्वस्थ | १६ | १/१५ | स्वस्थ | भएको | भारतबाट |
| २२ | रुपान्तीदेबि पास्वान | सुवर्ण ३ | १२/२९ | स्वस्थ | १६ | १/१५ | स्वस्थ | भएको | भारतबाट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | किशनकुमार पास्वान | सुवर्ण ३ | १२/२९ | स्वस्थ | १६ | १/१५ | स्वस्थ | भएको | भारतबाट |
| २४ | रुपान्तीदेबिको छोरी | सुवर्ण ३ | १२/२९ | स्वस्थ | १६ | १/१५ | स्वस्थ | भएको | भारतबाट |
| २५ | बसंत कुमार पास्वान | सुवर्ण ३ | १२/२९ | स्वस्थ | १६ | १/१५ | स्वस्थ | भएको | भारतबाट |
| २६ | अनिल शर्मा | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | भारतबाट |
| २७ | मो.निजामुल | भारत | १२/२० | स्वस्थ | १४ | १/४ | स्वस्थ | भएको | भारतबाट |

(स्रोत : स्वास्थ्य शाखा)

- **प्रदेश सरकारको रकम बाँडफाँड र राहत वितरण :** यस सुर्वण गाँउपालिकालाई कोरोना भाइरसको संक्रमण रोकथाम तथा लकडाउनबाट प्रभावित परिवारलाई राहत वितरण गर्न प्रदेश नं.२ को सरकारबाट प्राप्त रकम रु १०,००,०००।००( अक्षरेपी दस लाख मात्र ) यस सुवर्ण गाँउपालिकाको मिति २०७६/१२/२३ गतेको निर्णयानुसार प्रत्येक वडालाई रु १,२५,०००।०० (अक्षरेपी एक लाख पचिस हजार मात्र) का दरले वाँडफाँड गर्ने र राहत वितरण सम्बन्धी कार्यलाई प्रदेश सरकारको निर्देशन बमोजिम वितरण गर्ने निर्णय गरियो। यस सुवर्ण गाँउपालिकाको विभिन्न ८ वटै वडाले वडा समिति लगायत वडामा सर्वदलिय समिति गठन गरी राहत वितरण गरेका र सो कार्यबाट लाभदायी लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ।

| वडा | लाभग्राहीको घरधुरी संख्या | वितरण मिति | वितरित समानको विवरण |
|---|---|---|---|
| वडा नं.१ | २७६ | २०७७/१/२ | नगद रु.४५५ का दरले |
| वडा नं.२ | १८५ | २०७७/१/२ | खाद्यान्न सामाग्री |
| वडा नं.३ | २१३ | २०७७/१/५ | खाद्यान्न सामाग्री |
| वडा नं.४ | २८५ | २०७७/१/११ | नगद रु.४४० का दरले |
| वडा नं.५ | १२३ | २०७७/१/३ | नगद रु.१०१६ का दरले |
| वडा नं.६ | २८८ | २०७७/१/३ | नगद रु.४३४ का दरले |
| वडा नं.७ | २२१ | २०७७/१/७ | नगद रु.५६५ का दरले |
| वडा नं.८ | २३९ | २०७६/१२/२६ | नगद रु.५२०।० का दरले |
| जम्मा | १८३० | | |

(स्रोत: वडा कार्यालय)

- **प्रकोप व्यवस्थापन कोष स्थापना:** यस सुर्वण गाँउपालिकालाई प्रकोप व्यवस्थापन गर्न आवश्यक रकम व्यवस्थापन र संचालन गर्न कार्यपालिकाको मिति २०७६/१२/२३ गते प्रथम पटक र मिति २०७६/१२/२६ गते दोस्रो पटकको निर्णयानुसार प्रकोप व्यवस्थापन कोष खाता संचालनमा ल्याइयो। मिति २०७६/१२/२६ गते प्रकोप व्यवस्थापन कोष खातामा गाँउपालिकाको विभिन्न खर्च शिर्षक बाट जम्मा रु ७२०००००।०० (अक्षरेपी बहतर लाख मात्र

) जम्मा गरी मिति २०७६/१२/२३ गते गठित प्रकोप व्यवस्थापन तथा संचालन समितिको रोहवरमा संचालन गर्ने निर्णयानुसार संचालन गर्ने निर्णय गरियो।

- **लकडाउनबाट प्रभावित परिवारलाई खाद्यान्न सामाग्री वितरण:** यस सुवर्ण गाँउपालिकाको मिति २०७६/१/६ गतेको निर्णयानुसार यस सुवर्ण गाँउपालिका अन्तर्गत रहेको गरिव, विपन्न, तथा अन्य लकडाउनबाट प्रभावित परिवारलाई सरदर १५ किलो ग्रा. सोना मंसुली चामल, २ किलो ग्रा. दाल, १ किलो नुन, १ लिटर खाने तेल र ३ किलो ग्रा. आलु वितरण गर्ने निर्णयानुसार दररेटको प्रक्रियाबाट खरिद गरि खाद्यान्न सामाग्री वितरण गरियो।

खाद्यान्न सामाग्री लिने लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ :

| वडा । विवरण | प्रारम्भिक अनुमानित घरधुरी संख्या | थप घरधुरी संख्या | जम्मा घरधुरी संख्या | वितरण मिति |
|---|---|---|---|---|
| वडा नं. १ | ६८५ | ५० | ७३५ | २०७७/१/१८ |
| वडा नं. २ | ६०० | १५० | ७५० | २०७७/१/२७ |
| वडा नं. ३ | ७५० | ६० | ८१० | २०७७/१/२५ |
| वडा नं. ४ | ६०० | ० | ६०० | २०७७/१/२६ |
| वडा नं. ५ | ५०० | ० | ५०० | २०७७/१/२० |
| वडा नं. ६ | ८०० | ४० | ८४० | २०७७/१/२६ |
| वडा नं. ७ | ८०० | ० | ८०० | २०७७/१/२८ |
| वडा नं. ८ | ६०० | ० | ६०० | २०७७/१/२२ |
| जम्मा | ५३३५ | ३०० | ५६३५ | |

(स्रोत:वडा कार्यालय)

- **सुर्वण गाँउपालिका भित्र सबै घर परिवारलाई मास्क र सावुन वितरण:** कार्यपालिकाको मिति २०७६/१२/२३ गतेको निर्णयानुसार सुवर्ण गाँउपालिका अन्तर्गत सबै वडाका सबै घर परिवारमा आवश्यक संख्यामा सावुन र मास्क वितरण गर्ने निणर्यानुसार यस गाँउपालिका अन्तर्गतका सबै वडाको जिम्मेवार पदाधिकारीलाई पेश्की दिई सो कार्य संचालन गरियो। सावुन र मास्क प्राप्त गर्ने लाभग्राही घरपरिबारको विवरण तपसिल बमोजिम रहेको छ:

| वडा | घरपरिवार संख्या | सावुन प्रति परिवार | मस्क प्रति परिवार | जम्मा सावुन वितरण | जम्मा मास्क वितरण | वितरण मिति |
|---|---|---|---|---|---|---|
| वडा नं.१ | ७३५ | आवश्यता अनुसार | आवश्यता अनुसार | १८०० | ३९०० | २०७६/१२/२६ |
| वडा नं.२ | ७५० | आवश्यता अनुसार | आवश्यता अनुसार | ३५०० | ५२०० | २०७७/१/२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं.३ | ८१० | आवश्यता अनुसार | आवश्यता अनुसार | १८०० | ४१०० | २०७७/१/१ |
| वडा नं.४ | ६०० | आवश्यता अनुसार | आवश्यता अनुसार | १६४४ | ३५०० | २०७७/१/२ |
| वडा नं.५ | ५०० | आवश्यता अनुसार | आवश्यता अनुसार | २००० | ३००० | २०७७/१/२ |
| वडा नं.६ | ७५० | आवश्यता अनुसार | आवश्यता अनुसार | १६०० | ४००० | २०७७/१/२ |
| वडा नं.७ | ८०० | २ ओटा | आवश्यकता अनुसार | १६०० | ५७०० | २०७७/१/२ |
| वडा नं.८ | ५८४ | २ ओटा | आवश्यकता अनुसार | ११६८ | ३१२५ | २०७६/१२/२६ |
| जम्मा | ५५२९ | | | १५११२ | ३२५२५ | |

(स्रोतः वडा कार्यालय)

- **एम्बुलेन्स सेवा निशुल्क संचालनः** मिति २०७६/१२/१९ गतेको कार्यपालिकाको निर्णयानुसार यस सुवर्ण गाँउपालिका अन्तर्गत रहेको एम्बुलेन्स नेपालमा लकडाउन रहे सम्म सबै बिरामीको लागि निशुल्क रहने निर्णयानुसार एम्बुलेन्स सेवा निशुल्क संचालन गरिएको छ।

- **कार्यरत कर्मचारीहरुको विमाको व्यवस्था :** मिति २०७६/१२/२६ गतेको निर्णयानुसार सुवर्ण गाँउपालिका अन्तर्गत खटिएका कर्मचारी, स्वास्थ्य कर्मी र पदाधिकारी कार्य संचालनको कममा कोरोनाबाट संकमित भई मृत्यु भएमा क्षतिपूर्ति स्वरुप रु २५,००,०००।००( अक्षरेपी पचिस लाख) को विमा गाँउपालिकाले आफनो कोषबाट संचालन गर्ने निर्णयानुसार विमा प्रकियालाई अगाडी बढाउने कार्य गरिएको छ। कार्य संचालन गर्ने कममा क्षति भएमा मात्र क्षतिपूर्ति स्वरुप रकम विमा प्रदान गर्ने भएकाले कार्य संचालन कार्यालयको प्रमुख लिखित वा मौखिक आदेशमा मात्र गर्ने निर्णय समेत गरिएको छ।

- **सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय तथा व्यक्तिसँग समन्वय र सहकार्यः** यस सुवर्ण गाँउपालिका अन्तर्गत रहेका विभिन्न सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय तथा व्यक्तिसँग सहकार्य र समन्वय गरी कोरोना भाइरसको संकमणको रोकथाम तथा राहतको कार्यलाई संचालन गरिएको छ। यसै कममा सुरक्षा निकायलाई आवश्यक पर्ने सवारी साधन लगायत अन्य सामाग्रीको समेत व्यवस्था गरिएको छ।

## ५.प्रकोप व्यवस्थापन कोष तथा अन्य कोषमा आम्दानी र कोषबाट र्खच भएको रकमको समग्र विवरण

कोरोना भाइरसको संक्रमणको रोकथाम तथा लकडाउनबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउन यस कार्यालय तथा प्रदेश र संघको निर्देशन बमोजिम विभिन्न समय परिस्थितीमा नियमापूर्वक रकम खर्च गर्ने गरिएको छ। कोरोना भाइरसको संक्रमण फैलिएसँगै तथा नेपालमा लकडाउनको नियम लागु भएदेखि यस गाँउपालिकामा आम्दानी र यस गाँउपालिकाबाट खर्च भएका विवरण यस प्रकार रहेको छः

- खाताको नामः प्रकोप व्यवस्थापन कोष खाता

  खाता नं. : ०५५०७९०७२०००१५

  खाता रहेको बैंक शाखाः हिमालयन बैंक लिमिटेड, कवहीगोठ शाखा

| आम्दनी | | खर्च | |
|---|---|---|---|
| १. | गाँउपालिका कोषबाटः रु ७२,००,०००।०० | १. | हरेक वडालाई प्रदेश स्तरीय राहतको लागि पेश्की खर्चः रु९,९९,४५५।०० |
| २. | प्रदेश सरकारबाटःरु१०,००,०००।०० | २. | खाद्यान्न सामाग्री खरिद पेश्की खर्चः रु२५,००,०००।०० |
| ३. | कर्मचारीको तलब कटटा गरी :रु१,०६,३३१।०० | ३. | क्वारेन्टाइन संचालन खर्चःरु१,९२,९५५।०० |
| जम्मा आम्दानी रु ८३,०६,३३१।०० | | जम्मा खर्च रु.३६,९२,४१०।०० | |

- खाताको नाम : चालु खर्च खाता

  खाता नं. : ०५५०७९०७२०००१३

  खाता रहेको बैंक शाखाः हिमालयन बैंक लिमिटेड, कवहीगोठ शाखा

  खर्च शिर्षक नं. :२२७११

  खर्च कार्यक्रमः विविध खर्च

  खर्च निर्णय मितिः २०७६/१२/२३

  खर्च रकमः प्रत्येक वडालाई मास्क र सावुन खरिद पेश्की खर्च : रु.१०,००,०००।००

  सार्वजनिक बजारका मास्क खरिद खर्च :रु १७५००।००

  जम्मा खर्चःरु १०,१७,५००।००

  यसरी कोरोना भाइरसको संक्रमण रोकथाम ,राहत वितरण तथा क्वारेन्टाइन संचालनमा जम्म खर्च रु **४७,०९,९१०।००** रहेको छ।

## ६.अन्त्यमा

कोरोना भाइरस (कोभिड -१९ ) को संक्रमणबाट माहामारी फैलिएको विषम परिस्थितीमा गाँउपालिकाका सम्पूर्ण जनसमुदायको जिवनयापन सहज, सुलभ र सरल बनाउन प्रमुख दायित्व गाँउपालिकाको रहेको बोध भएको छ। जनसमुदायलाई कोरोना संक्रमणबाट मुक्त राख्न तथा भोकमरी र कालोबजारीबाट छुकटारा दिलाउन गाँउपालिकाले चालेको कदमलाई सहयोग र सदभाव साथ अगाडी बढाउनमा सहयोग गर्नु हुने सम्पूर्ण जनसमुदायप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। साथै यो प्रतिवेदन तयार गर्नमा सहयोग गर्नु हुने सम्पूर्ण जनप्रतिनीधि, कर्मचारी वर्ग , स्वास्थ्य कर्मी  आदी सबैमा स–धन्यवाद व्यक्त गर्दछौँ।

## ७.प्रस्तुत कर्ता

नविन कुमार श्रीवास्तव– प्रमुख प्रशासकिय अधिकृत
प्रिन्स कुमार साह –लेखा प्रमुख
नरेश चौधरी –सहलेखापाल
सुरेन्द्र साह – स्वास्थ्य संयोजक
मृगेन्द्र यादव –सुचना प्रविधि अधिकृत
जगत यादव –जिन्सी शाखा तथा वडा सचिव
हरिनारायण चौरसिया –लेखा सहायक तथा वडा सचिव
ओम प्रकाश साह – योजना शाखा प्रमुख तथा वडा सचिव
रामाधार साह कलवार– योजना सहायह तथा वडा सचिव
गगनदे प्रसाद यादव– वडा सचिव
जितेन्द्र यादव– वडा सचिव